# भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

शिक्षा, यूवा तथा खेलकुद शाखा

खावाङबगर, रुकुम (पूर्व)

५ नं. प्रदेश, नेपाल

प.सं. शिक्षा (प्रशासन)/०७७।७८

मितिः २०७७/०६/१४

च.नं.: २५०

**विषयः पुस्तकालय सहयोग अनुदान प्रस्ताव पेश गर्ने सम्बन्धमा ।**

**श्री माद्यामिक विद्यालय सबै ।**

प्रस्तुत विषयमा प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, शिक्षा तथा सामाजिक विकास निर्देशनालय सामाजिक विकास डिभिजन कार्यालयको च नं. ४५, मिति २०७७/०६/०६ को प्राप्त पत्रानुसार आ. व. २०७७/०७८ को बार्षिक कार्यक्रम अनुसार प्रदेश नं. ५ भित्र सञ्चालित सामुदायिक माद्यामिक विद्यालयहरुका पुस्तकालयहरुलाई सहयोग अनुदान तथा सार्वजिनिक तथा सामुदायिक पुस्तकालयहरुलाई अनुदान उपलब्ध गराउने कार्यक्रम रहेकोले यस भूमे गाउँपालिका अन्तर्गत सञ्चालनमा रहेका सम्पूर्ण सामुदायिक माद्यामिक पुस्तकालयलाई सहयोग अनुदान सम्बन्धमा तपशिल बमोजिम आवश्यक कागजात सहित तोकिएको अवधि भित्र **सामाजिक विकास डिभिनन कार्यालय दाङमा** प्रस्ताव पेश गर्न जानकारी गराईन्छ । साथै प्रस्तावको ढाँचा यसै पत्र साथ संग्लन राखिएको छ ।

**तपशिल**

- पुस्तकालय व्यवस्थापनको लागि बढिमा १ लाख बजेटको कार्ययोजना ।
- गत आ. व. को सामाजिक लेखापरिक्षण र लेखा परिक्षण प्रतिवेदन ।
- पुस्तकालयलाई आवश्यक पर्ने पुस्तक / पाठ्यसाग्रीहरुको सूची शिक्षक स्टाफ तथा वि. व्य. स. बाट निर्णय प्रतिलिपी ।

०७७/०६/१४

.............................

कौशल कुमार तिवारी

शिक्षा अधिकृत (छैटौं)

बोधार्थः- सूचना तथा अभिलेख केन्द्र: Website मा अपलोड गरी दिनु हुन।

प्रदेश सरकार
प्रदेश नं. ५

सामाजिक विकास मन्त्रालय
शिक्षा तथा सामाजिक विकास निर्देशनालय
# सामाजिक विकास डिभिजन कार्यालय
तुलसीपुर, दाङ

visit nepal 2020
फोन नं. ०८२-५२०२४६
इमेलः sddodang@gmail.com

प.सं. - ०७७/७८
च.नं.- ४५

मितिः २०७७/०६/१३

श्री स्थानिय तहहरु सबै
दाङ तथा रुकुम पूर्व।

३५४
२०७७/६/१३

**बिषयः प्रस्ताव पेश गर्ने सम्बन्धि सूचनाको जानकारी सम्बन्धमा।**

प्रस्तुत सम्बन्धमा श्री शिक्षा तथा सामाजिक विकास निर्देशनालय (योजना तथा कार्यक्रम शाखा), बुटवलबाट **सामुदायिक माध्यमिक विद्यालयहरुका पुस्तकालयहरुलाई सहयोग अनुदान**,तथा **सार्वजनिक तथा सामुदायिक पुस्तकालयहरुलाई अनुदान** उपलब्ध गराउने कार्यक्रम रहेकोले सम्बन्धित सबैलाई यसैसाथ संलग्न तपशिल अनुसारका सूचनाहरुमा तोकिएको अवधि भित्र प्रस्तावहरु यस कार्यालयमा पेश गर्ने सूचनाको जानकारी गराई सहयोग गरी दिनु हुन अनुरोध छ।

तपशिलः

१ पुस्तकालयहरुलाई सहयोग अनुदानको लागि प्रस्तावना पेश गर्ने सम्बन्धी सूचना।

२ सार्वजनिक तथा सामुदायिक पुस्तकालयहरुलाई अनुदानको लागि प्रस्तावना पेश गर्ने सम्बन्धी सूचना।

२०७७/०६/१३
दुर्गाप्रसाद खत्री
नि.कार्यालय प्रमुख

श्री शिक्षा, युवा तथा खेलकूद,
सबै सामुदायिक मा.विद्यालयहरु र सार्वजनिक तथा सामुदायिक पुस्तकालयहरुलाई तोकिएको समयावधिभित्र तोकिएको ढाँचामा प्रस्तावना पेश गर्न आवश्यक जानकारी र सहजिकरण गर्नु।
२०७७/०६/१३

प्रदेश सरकार

प्रदेश नं. ५

सामाजिक विकास मन्त्रालय

# शिक्षा तथा सामाजिक विकास निर्देशनालय

(योजना तथा कार्यक्रम शाखा)

बुटवल,नेपाल

प.सं :- २०७७/७८

च.नं :-

प्रदेश सरकार प्रदेश नं. ५ सामाजिक विकास मन्त्रालय शिक्षा तथा सामाजिक विकास निर्देशनालय बुटवल, नेपाल

प्रथम पटक सूचना प्रकाशित मिति : २०७७/०६/०६

**विषय : पुस्तकालयहरुलाई सहयोग अनुदानको लागि प्रस्तावना पेश गर्ने सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा यस आ. व. २०७७/०७८ को वार्षिक कार्यक्रम अनुसार प्रदेश नं. ५ भित्र सञ्चालनमा रहेका माध्यमिक विद्यालयहरुका पुस्तकालयलाई सहयोग अनुदान उपलब्ध गराउने कार्यक्रम रहेकोले, सामुदायिक माध्यमिक विद्यालयहरुले पुस्तकालय व्यवस्थापनको लागि बढिमा रु १ लाख बजेटको कार्य योजना सहित, तपसिलको ढाँचामा सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालयहरुमा प्रस्तावना पेश गर्नुहुन सम्बन्धित सबैलाई जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । ( प्रस्तावनाको साथमा गत आ. व. को सामाजिक परीक्षण प्रतिवेदन , लेखा परीक्षण प्रतिवेदन र पुस्तकालयलाई आवश्यक पर्ने पुस्तक/पाठ्यसामग्रीहरुको सूची शिक्षक स्टाफ र विद्यालय व्यवस्थापन समितिबाट निर्णय गराई पेश गर्नुपर्नेछ छ ) ।

**प्रस्तावनाको ढाँचा**

१ विद्यालयको संक्षिप्त चिनारी ( परिचय, शिक्षक/ विद्यार्थी बिवरण,पुस्तकालय प्रयोजनको उद्देश्य ) :-

२ पुस्तकालयको हालको अवस्था (कोठा, दराज,फर्निचर,मासिक पाठक संख्या, मासिक पढन लैजाने किताब संख्या ) :-

३ प्रस्तावनाको उद्देश्य :-

४ कार्य योजना प्रतिफल सुचक सहित :-

५ अनुमानित लागत :-

६ अपेक्षित नतिजा :-

७ निष्कर्ष :-

०७७।६।६

भोज बहादुर के.सी.

उप सचिव